# नेपाल दूरसञ्चार प्राधिकरण

कमलादी, काठमाडौं

# दूरसञ्चार सेवामा प्रयोग हुने Short Code र टोल फ्रि नम्बर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

भाद्र, २०७७

## **दूरसञ्चार सेवामा प्रयोग हुने Short Code व्यबस्थापन सम्बन्धी कार्यविधि, २०७७**

**प्रस्तावना:** सिमित श्रोतको रुपमा रहेको नम्बरको समुचित एवं अधिकतम प्रयोग गरी सेवाग्राहीलाई सेवाप्रदायकहरुबाट प्रदान हुने दूरसञ्चार सेवाहरु सहज रुपमा प्रयोग हुने उद्देश्य प्राप्तिका लागि दूरसञ्चार सेवामा प्रयोग हुने Short Code व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दूरसञ्चार सेवामा प्रयोग हुने Short Code व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "टोल फ्रि" भन्नाले उक्त नम्बरको स्वामित्वकर्ता स्वयंले नै सम्पूर्ण खर्च (आगमन कल सहितको) व्यहोर्ने गरी प्रदान गरिने नम्बर सम्झनुपर्छ ।

(ख) "नम्बर" भन्नाले दूरसञ्चार सेवामा प्रयोग हुने अद्वितीय (Unique) संकेत (Number) सम्झनुपर्छ।

(ग) "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(घ) "सेवा प्रदायक" भन्नाले प्राधिकरणबाट दूरसञ्चार ऐन ,२०५३ वमोजिम Voice सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त गरेको संस्था सम्झनुपर्छ |

(ङ) "Short Code" भन्नाले ३ वा ४ वा ५ वा १० अंकको नम्बर सम्झनुपर्छ ।

३. **Short Code र सोको प्रयोग हुने सेवाहरुः** Short Code र सोको प्रयोग गरी संचालन गर्न सकिने सेवाहरु देहाय बमोजिम हुनेछन् ।

(क) तिन (३) अंकको Short Code अत्यावश्यक आकस्मिक सेवाहरुको लागि |

(ख) चार (४) अंकको Short Code जनतासंग प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका बिभिन्न निकाय एवं संबैधानिक निकायहरुले प्रदान गर्ने सेवाहरुको लागि |

(ग) पाँच (५) अंकको Short Code सेवा प्रदायकहरुलाई अन्य अतिरिक्त (Value Added) सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि |

(घ) दश (१०) अंकको नबर टोल फ्रि सेवाको लागि ।

४. **<u>तीन (३) अंकको Short Code वितरण सम्बन्धमाः</u>** (१) तीन (३) अंकको Short Code आकस्मिक सेवाहरु (जस्तैः प्रहरी, वारुणयन्त्र, एम्बुलेन्स) को लागि मात्र उपलब्ध गराईनेछ । यस प्रकारको सेवा निःशुल्क उपलब्ध हुनेछ ।

(२) आकस्मिक सेवाहरुमा सवै नागरिकहरुको पहुँचको सुनिश्चितता गर्नको लागि सवै सेवा प्रदायकहरुले अन्तरआबद्धता (Interconnection ) को व्यवस्था गर्नु पर्नेछ ।

५. **<u>चार (४) अंकको Short Code वितरण सम्बन्धमाः</u>**

(क) चार (४) अंकको Short Code टोल फ्रि जनतासंग प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका बिभिन्न निकाय एवं संबैधानिक निकायहरुले प्रदान गर्ने सेवाहरुको लागि मात्र उपलब्ध गराईनेछ ।

(ख) चार (४) अंकको Short Code टोल फ्रि सेवाको रुपमा प्रयोग गर्न नेपाल सरकारका बिभिन्न निकाय एवं संबैधानिक निकायहरुले प्राधिकरणमा आबेदन दिन सक्नेछन् । प्राधिकरणले यस्तो आवेदनको अध्ययन गरी नम्बरको उपलब्धता हेरेर नम्बर उपलब्ध गराउन सक्नेछ ।

(ग) चार (४) अंकको Short Code नम्बर निजी क्षेत्रका संस्थाहरुले प्रयोग गरिरहेको भए यो कार्यविधि लागु भएको छ महिना भित्र उक्त नम्बर प्राधिकरणले फिर्ता लिनेछ र त्यस्ता संस्थाहरुलाई दस (१०) अंकको टोल फ्रि नम्बर उपलब्ध गराईने छ ।

(घ) नेपाल सरकारका बिभिन्न निकाय एवं संबैधानिक निकायहरुले प्रदान गरेको चार (४) अंकको Short Code टोल फ्रि (Toll Free) सेवाहरुमा सवै नागरिकहरुको पहुँचको सुनिश्चितता गर्नको लागि सवै सेवा प्रदायकहरुले अन्तरआबद्धता (Interconnection ) को व्यवस्था गर्नु पर्नेछ ।

## ६. पाच (५) अंकको Short Code वितरण सम्बन्धमाः

SMS, IVR, USSD लगायतका अन्य माध्यमहरु मार्फत संचालनमा आउने अन्य अतिरिक्त (Value Added) सेवाहरुको लागि पाँच (५) अंकको Short Code प्रदान गरिने छ | अतिरिक्त सेवामा प्रयोग हुने नम्बरहरु र यसको प्रयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

**(क) आन्तरिक संजाल (Intra Network) भित्र प्रयोग हुने नम्बर र सोसंग सम्बन्धित सेवाका सम्बन्धमाः**

(१) आन्तरिक संजाल भित्र प्रयोग हुने नम्बरको ढांचा निम्नानुसार हुनेछ|

| | | | | |
|---|---|---|---|---|
| १ | Z | Z | Z | Z |

Where, Z denotes subscriber numbers.

(२) सेवा प्रदायकले नम्बर प्रयोग गरी संचालन गर्न चाहेको सेवाको विस्तृत विवरण समेत खुलाई अनुसूची -१ वमोजिमको ढांचामा प्राधिकरणमा आबेदन दिनुपर्नेछ | प्राधिकरणले उक्त सेवाको प्रकृति हेरी आवश्यक Short Code उपलब्ध गराउनेछ |

(३) सेवा प्रदायकले यस अघिदेखि संचालनमा रहेका Short Code र सम्बन्धित सेवाहरु समेत खुलाई प्राधिकरणमा जानकारी गराउनु पर्नेछ | यदि ४ अंकको Short code प्रयोग गरिदै आएको भएमा सोलाई ५ अंकमा परिबर्तन गर्नु पर्नेछ |

(४) ग्राहकहरुको सहजताको लागि आधारभूत रुपमा प्रयोग हुने सेवाहरुको लागि सबै सेवा प्रदायकहरुले एकै किसिमका तपसील बमोजिमका USSD नम्बर प्रयोग गर्नुपर्ने छ |

| सेवा | USSD |
|---|---|
| Balance Recharge | 122 |
| Balance Transfer | 133 |
| Balance Inquiry | 144 |

(५) सेवा प्रदायकहरुले उपरोक्त व्यवस्था यो कार्यविधि लागू भएको ६ महिना भित्र कार्यान्वयन गरिसक्नु पर्नेछ |

(६) सेवा प्रदायकले यो कार्यविधि लागु हुनु अघि संचालन गरेको नम्बरको व्यवस्था र यस कार्यविधिमा उल्लेख भएको व्यवस्था समानान्तर रुपमा संचालन गर्न सक्नेछन् ।

(७) यो कार्यविधि लागू भएको १ बर्ष पछि कार्यविधिमा उल्लेखित व्यवस्था मात्र लागू गर्नु पर्नेछ ।

**(ख) तेश्रो पक्ष (Third Party) ले प्रयोग गर्ने नम्बर र सोसंग सम्बन्धित सेवाका सम्बन्धमाः**

(१) तेश्रो पक्ष (Third Party) ले प्रयोग हुने नम्बरको ढांचा निम्नानुसार हुनेछ ।

| | | | | |
|---|---|---|---|---|
| ३ | Z | Z | Z | Z |

Where, Z denotes subscriber numbers.

(२) अन्य अतिरिक्त सेवा (Value Added Service) प्रदायकहरुलाई Short Code को आवश्यकता परेमा सम्बन्धित सेवा प्रदायक मार्फत कुन सेवाको लागि के कति समयावधिको लागि आवश्यक परेको हो सो समेत खुलाई अनुसूची -१ वमोजिमको ढांचामा प्राधिकरणमा आबेदन दिनु पर्नेछ । प्राधिकरणले एकै प्रकारको सेवाको लागि सम्बन्धित अन्य अतिरिक्त सेवा (Value Added Service) प्रदायकलाई उक्त सेवाको लागि जुनसुकै दूरसञ्चार सेवा प्रदायक भएतापनि सकेसम्म एउटै नम्बर उपलब्ध गराउने छ ।

(३) सेवा प्रदायकले ५ अंकको नम्बर उपलब्ध गराउँदा नम्बर उपलब्ध गराए बापत छुट्टै शुल्क लिन पाईने छैनन् ।

(४) ५ अंकको नम्बर प्रयोग गरी सञ्चालन हुने सेवाहरुको महशुल दर प्राधिकरणबाट स्वीकृत गर्नु पर्नेछ ।

७. <u>दश (१०) अंकको टोल फ्रि नम्बरका सम्बन्धमाः</u>

(क) कुनै पनि संस्थाले आफ्नो ग्राहकहरुलाई जानकारीमूलक सेवा प्रदान गर्नको लागि टोल फ्रि नम्बर प्रयोग गर्न सक्नेछ । यस प्रकारको सेवाको लागि तालिका नं. १ मा उल्लेख गरे वमोजिम Numbering Range को व्यवस्था हुनेछ ।

तालिका नं. १

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | 0 | 0 | X | Z | Z | Z | Z | Z |

Where X denotes operator code

Z denotes subscriber numbers.

(ख) टोल फ्रि नम्बर संचालन गर्न चाहने व्यक्ति/संस्थाले सेवा प्रदायक समक्ष आफ्नो प्रस्तावित सेवाको सम्पूर्ण विवरण सहित आवेदन दिनु पर्नेछ। संस्थाले पेश गरेको आवेदन अध्ययन गरी सेवा प्रदायकले १० अंकको टोल फ्रि नम्बर उपलब्ध गराउन सक्नेछ। सेवा प्रदायकले उपलब्ध गराएको टोल फ्रि नम्बर सेवाको विवरण सहित प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।

(ग) सेवा प्रदायकले टोल फ्रि नम्बर उपलब्ध गराउदा नम्बर उपलब्ध गराए बापत छुट्टै शुल्क लिन पाउने छैनन् तथा टोल फ्रि नम्बरको महशुल दर प्राधिकरणको स्वीकृत महशुल दर अनुसार नै हुनु पर्नेछ।

(घ) एक सेवा प्रदायकको ग्राहकले अर्को सेवा प्रदायकले प्रदान गरेको दश अंकको टोल फ्री नम्बरमा सम्पर्क गरेको अवस्थामा निम्नानुसारको अन्तरआवद्धताको व्यवस्था लागू हुनेछ।

"टोल फ्रि नम्बरको महशुल नम्बरको स्वामित्व ग्रहण गरको व्यक्ति/संस्थाले नै व्यहोर्ने हुँदा सो अवस्थामा Interconnection Charge Terminating Operator ले Originating Operator लाई तिर्नुपर्ने छ।"

८. **<u>विवरणहरु अद्यावधिक गर्ने सम्बन्धमा:</u>** दूरसञ्चार सेवा प्रदायकहरुले यो कार्यविधि लागू भएको एक महिना भित्र र तत् पश्चात प्रत्येक आर्थिक बर्षको श्रावण १५ र माघ १५ भित्र आफुले प्रयोग गरिरहेको Short Code र टोल फ्री नम्बरहरु र त्यसको प्रयोग सम्बन्धी सम्पूर्ण विवरणहरु प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ।

९. **<u>अनुगमन तथा निरीक्षण</u>:** सेवा प्रदायकहरुले यस कार्यविधि बमोजिम कार्य गरे नगरेको सम्बन्धमा प्राधिकरणले समय समयमा अनुगमन तथा निरीक्षण गर्नेछ।

१०. **<u>बिबिधः</u>** सेवा प्रदायकहरुले नेपाल सरकारको तर्फबाट Short Message Services (SMS) प्रसारण गर्दा ग्राहकको उपकरणमा देखिने प्रेषकको विवरणमा “नेपाल सरकार” देखिने व्यवस्था गर्नु पर्नेछ ।

११. **<u>कार्यविधिको कार्यान्वयन एवं व्याख्या गर्न सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयन एवं व्याख्यामा समस्या वा द्विविधा उत्पन्न भएमा प्राधिकरणको निर्णय अन्तिम हुनेछ ।

१२. **<u>संशोधन सम्वन्धी व्यवस्थाः</u>** प्राधिकरणले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

**Annex-1**

**Format of Application Form for Short Code**

To,

The Nepal Telecommunication Authority (NTA),

……………………………

I, hereby, submit an application to obtain the short code/s as per the following details:

**A. Applicant Details:**

Name of Operator:

Address:

P.O. Box No.:

Telephone No.:

Fax No. :

Contact Person Name:

Telephone No.:

Email Address:

**Third Party Information (if applicable):**

Name of Third Party/VAS Operator:

Address:

P.O. Box No.:

Telephone No.:

Fax No. :

Proposed Service Details:

**B. Service and Number Details:**

Name of the planned service(s): ______________________________________________

Description of the planned service(s): ______________________________________

Duration of usage plan/planned service(s):___________________________________

Proposed Tariff Rate: _________________________________________________________

Proposed Short Code (if any):________________________________________________

Signature of the Applicant: _________________________

Name:____________________________________________

Designation:_____________________________________

Company Name: __________________________________

Date:____________________________________________

Company Seal